सम्बत् २०७५ साल असार २४ आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - न्यूयोर्कमा आयोजना हुने दिगो विकासका लागि उच्च राजनैतिक मंञ्च विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलको नेतृत्वमा प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति प्रदान गर्ने ।

२. अर्थ मन्त्रालय— साना विकास परियोजनाको कार्यान्वयनको लागि नेपाल तथा भारत सरकार बीच भएको सम्झौताको कार्यान्वयनको लागि कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रकिया तोक्ने ।

३. अर्थ मन्त्रालय— विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्था (IDA) बाट नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउने तथा कार्यकुशलतामा सुधारको लागि बजेट सहायतास्वरुप उपलब्ध हुने ऋण स्वीकार गर्ने विषयमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी ।

४. अर्थ मन्त्रालय— निवृत्तभरण कोष विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

५. गृह मन्त्रालय - राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ को (३) बमोजिम दामोदर प्रसाद गौतम कुमरी २ नुवाकोट लगायतका ३३ जना व्यक्तिहरुलाई क्षतिपुर्ति उपलब्ध गराउने ।

६. गृह मन्त्रालय— सशस्त्र प्रहरी अतिरिक्त महानिरिक्षकहरूको राजिनामा स्वीकृत गर्ने ।

७. परराष्ट्र मन्त्रालय— नेपाल र साउदी अरेबिया सरकारबीच GENERAL AGREEMENT ON COOPERATION BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE KINGDOM OF SAUDI ARABIA मा हस्ताक्षर गर्ने।

८. परराष्ट्र मन्त्रालय - संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कका राजदूत/स्थायी प्रतिनिधि श्री दुर्गाप्रसाद भट्टराईलाई मिति २०७५/४/१५ भित्र नेपाल फर्कन सूचना दिने ।

९. परराष्ट्र मन्त्रालय - हाल महावाणिज्यदूतस्तरमा सञ्चालनमा रहेको नेपाली महावाणिज्यदूतावास, न्यूयोर्कलाई नेपाल परराष्ट्र सेवा, रा.प.द्वितीय श्रेणीको कर्मचारी प्रमुख रहने गरी स्तरोन्नति हुनुपूर्वको स्तरमा कायम गरी हाल कार्यरत महावाणिज्यदूतलाई नेपाल फर्कन तयारीका लागि निर्णय भएको मितिबाट ३ हप्ताको समय दिने।

१०. परराष्ट्र मन्त्रालय— राजदूत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

११. युवा तथा खेलकूद मन्त्रालय— युवा संघ नेपाललाई पच्चिस लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने ।

१२. युवा तथा खेलकूद मन्त्रालय— मलेशियामा संचालन भएको प्रथम एशियन महिला सर्कल कबड्डी प्रतियोगितामा सहभागी हुँदा लागेको खर्च रु.१५,००,०००।- अखिल नेपाल कबड्डी संघलाई आर्थिक सहायता उपलब्ध गराउने ।

१३. रक्षा मन्त्रालय— भियतनामको हनोईमा आयोजना गर्ने Pacific Army Management Seminar (PAMS) मा नेपाली सेनाका उपरथी समीर शाहीलाई सहभागी हुन स्वीकृति दिने ।

१४. रक्षा मन्त्रालय— सहायक रथी सुदर्शन विक्रम राणाको राजीनामा स्वीकृति गर्ने ।

१५. रक्षा मन्त्रालय— सहायक रथी सुवर्ण बहादुर शाहलाई उपरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा उपरथी प्रल्हाद थापा समेत ७ जना उपरथीहरुलाई सरुवा गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतको संघ मातहत रहने निकायहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृति गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— प्रदेश सामाजिक विकास मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग र सूचना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय, महान्याधिवक्ताको कार्यालय र अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— प्रदेश भौतिक पूर्वाधार मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय निकाय वित्तीय आयोग खारेज गर्ने ।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवलको प्रमुख सचिव पदमा तीर्थराज ढकाल कायम मुकायम मुकरर गर्ने ।

२४. बढुवा समितिको सिफारिसअनुसार नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री रामप्रसाद थपलियालाई बढुवा गरी कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा पदस्थापन गर्ने ।

२५. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५/२/१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/२/२३ को मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकबाट परिमार्जनसहित पेश भएको "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संशोधन) नियमावली, २०७५" को नियम २ मूल नियमावलीको नियम १५ मा संशोधनका लागि प्रस्तावित "पञ्जीकरण सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले" भन्ने व्यहोराको सट्टा साविककै "नेपाल सरकारले" भन्ने व्यहोरा राखी स्वीकृत गर्ने ।

२६. बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५-२०८५) स्वीकृत गर्ने विषयको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्ताव मिति २०७५/२/२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/१ को

मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकबाट परिमार्जनसहित पेश भएको "बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५-२०८५)" को ६ लक्ष्य, खण्ड (क) मा रहेको "निकृष्ट प्रकारको बालश्रम" भन्ने व्यहोराको सट्टा "निकृष्ट र शोषणयुक्त बालश्रम" भन्ने व्यहोरा राखी स्वीकृत गर्ने ।

२७. विद्युत नियमन आयोग नियमावली, २०७५ स्वीकृत गर्ने विषयको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्ताव मिति २०७५/२/२७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/२/३० को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जनसहित पेश भएको विद्युत नियमन आयोग नियमावली, २०७५ स्वीकृत गर्ने ।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव शंकरप्रसाद कोइरालाले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५।४।१ देखि अवकाश प्राप्त गर्नु हुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२९. महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक मोहदत्त तिमिल्सिनाले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५।४।६ देखि अवकाश प्राप्त गर्नु हुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३०. सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव भुपेन्द्रप्रसाद पौड्यालले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५।४।६ देखि अवकाश प्राप्त गर्नु हुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अतिरिक्त समूह, काजमा रहेका सचिव श्री कृष्णराज वि.सी.लाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सचिव (विज्ञान तथा प्रविधि) मा सरूवा गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

OPMCM